# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मंगला गाउँपालिका
## म्याग्दी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मंगला गाउँपालिका

म्याग्दी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मंगला गाउँपालिका

म्याग्दी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

गण्डकी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ६३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

मंगला गाउँपालिका, मंगला गाउँकार्यपालिकाको कार्यालय,

बाबियाचौर, म्याग्दी ।

१. **कैफियत सहितको राय —** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड १२ लाख ८७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २८ लाख ८५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ८३ करोड लाख २७ हजार र पेश्की बाँकी रु. ७५ हजार समेत रु. ८४ लाख २ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. ७ करोड २ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ८६ लाख १६ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

मंगला पालिका,

म्याग्दी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ५ | ११२८७ | ५५ | ३ | २८८५ | ५५ | ४ | ८४०२ | ८३२७ | ० | ० | ० | ० | ० | ७५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | ७०२१४ | -- | - | ७०२१४ | | ८४०२ | ७८६१६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| | | ३० | पुर्व निर्धारित क्षतिपुर्ती | ८,८६,८८६।०० |
| | | १३.२ | प्राविधिक कर्मचारिलाइ फिल्ड भत्ता | ११,३६,०००।०० |
| | | २६ (ख) | दहत्तर बहत्तर | ८,६२,२२४।०० |
| | **चालु वर्षको जम्मा** | | | **२८,८५,११०।००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | | | **२८,८५,११०।००** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१७ देखि २०८०।०५।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्यय, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण -

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ।

• लेखापरीक्षणका क्रममा पेस्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु. ४,३७,९७,३३५।८४ मध्ये सञ्चित कोष खातामा रु. ३,४९,०७,७३१।२० र तीन वटा कोष खातामा रु. ८८,८९,६०४।६४ मौज्दात रहेको छ ।

• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन।

२.२ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२.३ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

## ३ सञ्चितकोषको हिसाब -

क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसूची ३ बमोजिम रहेको छ ।

ख) गाउँपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन् ।

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | १०,०७,९५,०००।०० | ९,९८,२६,४१०।०० |

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु· १,००,२१,५४९।००, राजश्व बाँडफाँड रअनुदानबाट रु·४०,२७,९३,९२२।०० ,सामाजिक सुरक्षा र कोष (अन्य आम्दानी) रु·१०,०७,९५,०००।००तथा गत वर्षको जिम्मेवारी रु.२,८६,७१,४९५।०० समेत गरि रु.५४,२२,८१,९६६।०० जम्मा आम्दानी भएकोमा चालु तर्फ रु. २५,७९,९७,३४६।०० पूँजीगत तर्फ रु.१२,२४,३८,८५०।०० र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था) तर्फ रु.१०,७४,३०,६९५।०० समेत रु.४९,८४,८४,६३०।०० जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०१ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. ८६,५०,०००।०० खर्च भएको छ, जुन आन्तरिक आयको ८६.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु , ५१.७६ प्रतिशतमात्र पूँजीगत निर्माणमा २४·५६ तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था) २३.६८ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम** -

५.१ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री प्रेम कुमारी क्षेत्रीले मिति २०७९।३।१० गते रु. ४२ करोड ८३ लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा

कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.३ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.४ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो जग्गा खरिदको लागि एकमुष्ट रुपमा रु. २ करोड बजेट बिनियोजन गरेकोमा कार्यपालिकाको मिति २०७९।०९।०६ को निर्णयबाट पूँजिगत तर्फ रु ९५ लाख बिभिन्न शिर्षकमा बजेट ब्यवस्था गरी खर्च गरेको छ । बजेट एकमुष्ट कुनै कार्यक्रममा अवण्डाको रुपमा राखी वार्षिक नीति तथा कार्यक्र र बजेटको सिद्धान्त विपरित कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

५.५ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ७१.७८ प्रतिशत र आषाढमा मात्र ३५.४६ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.६ क्षेत्रगत बजेट र खर्चको स्थिति- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।०८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४.७२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटीमा ३.३३ प्रतिशत रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.७ **योजना र कार्यान्वयन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू अनुसुची अनुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ५.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.८ **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । स्थानीय तहले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ९,९८,४००।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यपालिकाको निर्णय अनुसार कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७९।८०) को बजेटमा गत बर्षको भुक्तानी बाँकी योजनाको रकम कार्यपालिकाबाट निर्णय गरी भुक्तानी गरेको देखियो ।

## ६ नियन्त्रण प्रणाली -

६.१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५० जनाको दरबन्दी ३२ पदपुर्ती भई रहेकोमा १८ दरबन्दी रिक्त रहेको पाईयो । रिक्त पद १८ भएकोमा १७ जना करारबाट पदपुर्ती गरेको देखियो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

६.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन ।

६.४ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १८ लाख ६१ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण

प्रतिवेदन, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६.५ **भ्रमण खर्च -** गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।

| क्र.स | कार्यक्रमको नाम | बिनियोजन(रु) |
|---|---|---|
| १ | संग्रहालय निर्माण तथा व्यवस्थापन | १०,००,००० |
| २ | बालोदय आ.वि भवन मर्मत योजना | ४,००,००० |
| ३ | जग्गा खरिद तथा व्यवस्थापन | १,०५,००,००० |
| ४ | भैपरी आउने योजना | ९,१२,६०६ |
| ५ | तिलगहरा मोटरबाटो मर्मत | १,००,००० |
| ६ | खुम्लिया सामुदायीक एकिकृत भवन निर्माण योजना | ५,००,००० |
| ७ | गणेश मन्दिर निर्माण योजना | ४,००,००० |
| ८ | याङकुरुङ जरा खानेपानी योजना | २,५०,००० |
| ९ | धलेवाफाँट अर्भल्याङ भेङ्गा खानपानी योजना | ३,००,००० |
| १० | सामुदायीक स्वास्थ्य ईकाई जग्गा खरिद | १,५०,००० |
| ११ | नवदुर्गा मन्दिर सेल्टर निर्माण योजना | १,५०,००० |
| १२ | युवाक्लब खेलमैदान निर्माण योजना | ४,००,००० |
| | **जम्मा** | **१४,०६२,६१६** |

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण

खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## ७ **कार्यक्रम र प्रगति** -

७.१ **कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार छन् ।

७.२ **प्रगति विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १६४ योजनाहरू समेत कुल १७० योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

७.३ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन ।

७.४ **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण

सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

८ **कानून निर्माण र संचालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, २ वटा नियमावली,३१ वटा कार्यविधि ३ वटा निर्देशिका र ३ वटा नर्म्स लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

९ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ वटा र यो बर्ष दर्ता भएका आर्थिक लेनदेन १३ समेत १९ विवाद दर्ता भएकोमा ९ वटा फछ्र्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २३ वटा ऐन, ६ वटा नियमावली र ३१ बटा कार्यबिधि ३ वटा निर्देशिका र ४ वटा नर्म्स स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ६ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५३५ |
| मृत्युदर्ता | १७२ |
| बसाईसराई दर्ता | ९५ |
| विवाह दर्ता | २५१ |
| सम्बन्धविच्छेद दर्ता | ४६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

११ **आर्थिक सहायता र विविध खर्च -**

११.१ **आर्थिक सहायता —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७ लाख २८ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११.२ **खाना तथा विविध खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४,३९,७२०। खर्च गरेको छ ।

१२ **पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फर्स्यौट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको रु. ६,४८,०००।- तथा म्याद नाघेको रु. ७५,०००।०० समेत जम्मा रु. ७,२३,०००।०० पेश्की फर्स्यौट गर्न बाँकी देखिएको छ । नियममा व्यवस्था भए बमोजिम कार्यालयले पेश्की फछर्यौट गर्नुपर्दछ रु

| | |
|---|---|
| पेश्की | ७५,००० |

**(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१३ **कर्मचारी ब्यवस्थापन -**

१३.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३.२ **कर्मचारी प्रोत्साहन भत्ता -**

**.......... *(प्रारम्भिक प्रतिवेदन उपर कार्यविधि बमोजिम फिल्ड भत्ता भुक्तान गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२५ को निर्णयबाट रु. ११३६०००।०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

१३.३ **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | १ | ४ |

१३.४ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वास्थ्य सेवा विभिन्न ५ प्रकारका पदमा १७ जना कर्मचारीहरु करारमा राखी रु ५२८४९१७ खर्च लेखेको छ ।पालिकाले दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गरी करारमा कर्मचारी नियुक्तिमा नियन्त्रण गर्नुपर्छ ।

१३.५ **कल्याण कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ ।

१४ **कर दस्तुर एवं आन्तरिक आय -**

१४.१ **राजश्व अभिलेख-** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु-याउनुपर्ने देखियो ।

१४.२ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४७,३०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ७७,९८,८१७।०० अर्थात अनुमान भन्दा ६४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१४.३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०,२७,९३,९२२।०० | १,००,२१,५४९।०० | २.०१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४.४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **शिक्षक दरवन्दी र पदपूर्तिको -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा १५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१६ **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने

उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.स | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान प्रतिशत | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | ग्रीन हाउस निर्माण मा अनुदान | ७,२२,८५४।- | ५०प्रतिशत | १० |
| २ | फलफुल दशक तथा विरुवा रोपण कार्यक्रम | ४,७३,१७४।- | ५० प्रतिशत | ४ |
| ३ | २०७८।०७९ मा स्थापना भएका नयाँ सुन्तला बाली पकेट विकास कार्यक्रम | ११,१५,५०५।- | ५० प्रतिशत | ३१ |
| ४ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान | १,७७,५६०।- | ५०प्रतिशत | ३०३ |
| ५ | च्याउको बिउ वितरण | ४९,५००।- | ५०प्रतिशत | ४० |
| ६ | अलैची ड्रायर वितरण | १,९२,०००।- | ५०प्रतिशत | १ |
| | **जम्मा** | **२७,३०,५९३।-** | | |

अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ।कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।साथै कृषि तथा पशुका केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।

१७ **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम -** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिक्षेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ । उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य

सचिवले कार्यालय समक्ष पेश गर्नुपर्नेछ, भन्ने व्यवस्था भएकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन । निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९८ जनालाई रोजगारी उपलव्ध गराई रु. ८१,१९,५७६।०० खर्च गरेको छ । लक्षित वर्गलाई ५० देखी १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

१९ **औषधि खरिद -**

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी

आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधिको म्याद गएको भन्ने पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **शुन्य दरबन्दी -** पालिकाले तपशिलका विधालयमा शिक्षक तहगत रुपमा शून्य दरबन्दी भएका आधारभूत तथा माध्यमिक तहका विद्यालयको लागि शिक्षक व्यबस्थापन गर्न समानीकरण अनुदानबाट शिक्षकको तलव भत्ता रु ५०,००,०००।०० खर्च लेखेको तर विद्यालय मर्ज गर्नेतर्फ ध्यान दिएको देखिएन ।यसमा पालिकाले भौगोलिक कारणले गर्दा मर्ज गर्न नसकिएको जवाफ दिएतापनी विद्यालय मर्ज गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२२ **धरौटी खाता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन व्यक्ती वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो एकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

२३ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। ।यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राख्ने गरेको छैन ।

२४ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने

गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२५ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२६ **दहत्तर बहत्तर -**

क) स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७९ संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ।

***ख) .......... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१०।०३ को निर्णयबाट रु. ८,६२,२२४।०० सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **ठेक्का नं. MRM/Myagdi/NCB/R/W/02/079-080-**

पालिकाले सिम-कोट्रबाङ्ग-खुम्लिया-पैँयुपाता-कुँहुँ-पुर्णगाउँ-तोड्के मोटरबाटो निर्माण कार्यको लागि मिति २०८०-०३-१० सम्म सम्पन्न गर्ने गरी मिति २०७९-११-२८ मा ठेकेदार रामकृष्ण कन्सट्रक्सन सँग रु १,२५,५०,०२८।४३ मा भएको सम्झौताको म्याद थप गरी मिति २०८०-०४-३० सम्म म्याद कायम भएको ठेक्कामा सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS

SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत प्रति लिटर १ बर्ग मिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रतिलिटर रु. २५०।०० को दरले रु.२,८९६।५० लिटरको रु ७,२४,१२५।०० भुक्तानी दिएकोमा नर्म्स अनुसार प्रति वर्गमिटर ०.६ लिटरका दरले रु.१,७३९.९ लिटर मात्र दिनुपर्नेमा बढी १,१५८।५ लिटरको रु. २,८९,६५०।०० मा मुल्य अभिबृद्धि कर समेत रु. ३,२७,३०४।०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,३०४ |

२८ **चेनेजको प्रयोग -** सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीका लागि नापि गर्दा सडकको चेनेज खुलाउनु पर्दछ। यसबाट काममा दोहोरोपना नहुने नापि कितावमा वास्तविक कामको नापि भएको परिमाण मात्र अभिलेख हुने अवस्थामा पालिकाले निम्न ३ सडक निर्माण सुधार कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीको लागि नापी गर्दा सडकको चेनेज नम्वर खुलाएको छैन। यसबाट नापी गरिएको परिमाण चेनेजमा आधारीत नहुँदा नापी गरिएको परिमाण सुनिश्चित हुने आधार रहेन ।

| कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|
| सिमलचौर कुकुर बिसौना तल्लो डडुवा मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति | २१,५८,००९ | १९,०५,००० |
| रणबाङ्ग दरुङ तल्लो हिदी मालिका मोटरबाटो उपभोक्ता समिति | २४,००,००० | २३,९०,००० |
| पोक सातबिसे ज्यामिरे तोरीडाँडा ३ नं वडा कार्यालय देखि ४ नं वडा कार्यालय जोड्ने मोटरबाटो | १०,००,००० | ९,६०,००० |
| पुलचोक पिपलबोट पाँखु धारा सिर्कुम टिकाबाङ मोटरबाटो उपभोक्ता समिति | ३०,००,००० | २७,४९,४६७ |
| मोहन खोल्सा थर्पुगाउँ झाँक्रीपानी किमचौर मोटरबाटो स्तरोन्नती | १०,००,००० | ७,४६,९१५ |
| **जम्मा** | | **८७,५१,३८२** |

२९ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० **(ठेक्का नं. 11-MRM/NCB/Works/077/078)-**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर ठेक्काको म्याद थप गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०२।०१ को निर्णयबाट रु. ८८,८६,८८६।०० सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **उपभोक्ता समिति मार्फत कार्य -**

३१.१ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३१.२ **हेभी इक्विपमेण्टको प्रयोग -** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनका प्रकृया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन कार्यालय प्रमुखको स्विकृतिमा मेसीन प्रयोग गरि रु. । भुक्तानी भएको देखिन्छ

तर नियमावलीको व्यवस्था वमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३१.३ **प्राविधिक बिल र कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३१.४ **नगद भुक्तानी -** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ती तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु. ८,१४,१६०।— भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ३१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **सामाजिक सुरक्षा तर्फ -**

३२.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. ९,९८,२६,४११।- वितरण

गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं २ र ५ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२.२ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

३२.३ **नागरिकता नम्बर दोहोरो तथा उल्लेख भएको-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु २ र ५ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नगरी सामाजिक सुरक्षा भत्ता वापत रु. १,८९,६३२।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

संपरीक्षणबाट थप भएको बेरूजू

| **क्र.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | पालिकाले १० सैया अस्पताल मंगला ५ अर्मनमा निर्माण गर्ने गरी मिति २०७८-०३-०९ मा सम्झौता गरेको ठेक्काको म्याद मिति २०८०-०३-०९ सम्म रहने गरी निर्माण व्यावसायी ओम बुद्ध इन्टरनेश्नल कन्सट्रक्सन प्रा.ली. सँग रु ९,११,०८,७२९.०२ भएको सम्झौता बमोजिम कार्य नभएकोमा सम्झौताको बुँदा नं G C C को ५७.३ बमोजिम प्रत्येक बिलबाट ३० प्रतिशत भुक्तानी पश्चात ४० प्रतिशतका दरले ८० प्रतिशत समय व्यतित हुँदा सम्पूर्ण पेश्की कट्टी गर्नु पर्नेमा नगरेकाले पेश्की जमानत वापत राखेको रकम रु ८०,००,०००/- रकम असुल गरी बाँकी कार्यलाई अगाडी बढाउनु पर्ने देखिएको रु<br>• निर्माण ब्यावसायीले Work Scdeule अनुसार कार्य नगरेकोले सम्झौता अवधी समाप्त हुँदा समेत कार्य प्रगती १२.२८ प्रतिशत मात्र देखियो । | ८०००००० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | • IEE प्रतिवेदन पारित नगरी हस्पिटल निर्माण स्थल छनौट गर्दा भवन निर्माण स्थल पहिरो तथा बाढीको उच्च जोखिममा रहेको देखियो ।<br><br>बाढी तथा पहिरोको उच्च जोखिममा रहेको अस्पताल निर्माण स्थल | |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मंगला गाउँपालिका, म्याग्दी ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shiva Kumar Paudel | २०८०-१-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Manohar Dhungana | २०७७-५-२४ | २०७९-४-१९ |
| लेखा प्रमुख | लेखनाथ अधिकारी | २०७६-१२-२७ | २०७९-५-१४ |
| लेखा प्रमुख | Bhabilal Upadhya | २०७९-७-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,२१४,१९० | १,१३६,००० | ८६२,२२४ | ० | ० | ७५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,२८७,४१४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १०,८८५,११० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ८,०००,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८,४०२,३०४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २,८६,७१,४९५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,२०,६५,१३७ | **चालु खर्च** | २५,७९,९७,३४६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५९,७९,८३४ | **पूँजीगत खर्च** | १२,२४,३८,८५० |
| **राजश्व बाँडफाँट** | ६,४७,४८,९५१ | **वित्तीय/अन्य व्यवस्था** | ११,८०,४८,४३४ |
| **आन्तरिक आय** | १,००,२१,५४९ | | |
| **अन्य आय** | १०,०७,९५,००० | | |
| **कुल आय** | ५१,३६,१०,४७१ | **कुल खर्च** | ४९,८४,८४,६३० |
| **बाँकी मौज्दात** | | ४,३७,९७,३३६ | |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -२

| विवरण | टिप्पणि | यस वष´ . | | | | गतवष´ . | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफै ले गरेको प्रासी भुक्तानी | वस्तुगत सोझै भुक्तानी | जम्मा | आफै ले गरेकोप्रासी/भुक्तानी | वस्तुगत सोझै भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | | ४४,४०,४९,२६२.५२ | ४०,१६,२७,१२८.४० | | ४०,१६,२७,१२८.४० | ३७,८३,५९,८८८.५२ | | ३७,८३,५९,८८८.५२ |
| **क.प्रासी(संचित कोषमा आम्दानी बाँध्ने)** | | ४४,०२,१९,०००.०० | ३९,८२,०४,३८०.४० | ०.०० | ३९,८२,०४,३८०.४० | ३७,४६,९६,३७१.५२ | ०.०० | ३७,४६,९६,३७१.५२ |
| ११००० कर | ११ | ८,०१,५६,०००.०० | ६,८३,३१,९१६.१० | ०.०० | ६,८३,३१,९१६.१० | ६,२९,६०,७४८.६२ | ०.०० | ६,२९,६०,७४८.६२ |
| १३००० अनुदान | | ३५,३५,६३,०००.०० | ३२,३४,३३,८८०.३० | ०.०० | ३२,३४,३३,८८०.३० | ३०,३२,२४,३४५.२९ | ०.०० | ३०,३२,२४,३४५.२९ |
| संघीय सरकार | १२ | ३३,३८,८८,०००.०० | ३०,७४,५४,०४६.३० | ०.०० | ३०,७४,५४,०४६.३० | २८,७६,४८,७१८.२९ | ०.०० | २८,७६,४८,७१८.२९ |
| देश सरकार | १२ | १,९६,७५,०००.०० | १,५९,७९,८३४.०० | ०.०० | १,५९,७९,८३४.०० | १,५५,७५,६२७.०० | ०.०० | १,५५,७५,६२७.०० |
| १४००० अन्य राजश्व | | ६५,००,०००.०० | ६४,३८,५८४.०० | ०.०० | ६४,३८,५८४.०० | ८३,६५,८१८.६१ | ०.०० | ८३,६५,८१८.६१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ती | | ०.०० | ०.०० | ०.०० | ०.०० | १,४५,४५९.०० | ०.०० | १,४५,४५९.०० |
| ख. अन्य प्राप्ती | | ३८,३०,२६२.५२ | ३४,२२,७४८.०० | | ३४,२२,७४८.०० | ३६,६३,५१७.०० | | ३६,६३,५१७.०० |
| वितरण गर्न बाँकी राजश्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ३८,३०,२६२.५२ | ५,६९,३७७.०० | ०.०० | ५,६९,३७७.०० | २०,८८,३२८.०० | ०.०० | २०,८८,३२८.०० |
| धरौटी | | ०.०० | २८,५३,३७१.०० | ०.०० | २८,५३,३७१.०० | १५,७५,१८९.०० | ०.०० | १५,७५,१८९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ४६,११,८८,८०९.२२ | ३८,३०,७८,५३८.८१ | | ३८,३०,७८,५३८.८१ | ३८,७१,७६,३३७.३३ | | ३८,७१,७६,३३७.३३ |
| ग. भुक्तानी(संचित कोषबाट) | | ४५,७३,५८,५४६.७० | ३८,०४,३६,१९५.९० | | ३८,०४,३६,१९५.९० | ३८,३५,४९,४६०.७९ | | ३८,३५,४९,४६०.७९ |
| २१००० पारिश्रमीक/सुविधा) | १८ | १८,३७,१४,०००.०० | १७,३२,७९,४४३.३० | ०.०० | १७,३२,७९,४४३.३० | ६,४८,१३,५७२.२८ | ०.०० | ६,४८,१३,५७२.२८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,८३,५२,८९४.२० | ५,५१,०९,९३८.६० | ०.०० | ५,५१,०९,९३८.६० | ५,५१,४९,१०६.५१ | ०.०० | ५,५१,४९,१०६.५१ |
| २५००० सहायता (Subsidy) | १८ | २,१६,१०,०००.०० | १,८२,९९,२६६.०० | ०.०० | १,८२,९९,२६६.०० | १०,३०,८४,०००.०० | ०.०० | १०,३०,८४,०००.०० |
| २७००० सामाजिक सुरक्षा) | १८ | १,४७,०६,०००.०० | ८४,७४,४५१.०० | ०.०० | ८४,७४,४५१.०० | ४३,६९,३२१.०० | ०.०० | ४३,६९,३२१.०० |
| २८००० अ खच | १८ | ४२,७४,०४६.०० | २८,३४,२४७.०० | ०.०० | २८,३४,२४७.०० | ४६,२६,४६०.०० | ०.०० | ४६,२६,४६०.०० |
| ३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | १६,४७,०१,६०६.५० | १२,२४,३८,८५०.०० | ०.०० | १२,२४,३८,८५०.०० | १५,१५,०७,००१.०० | ०.०० | १५,१५,०७,००१.०० |
| घ. अन्य भुक्तानी | | ३८,३०,२६२.५२ | २६,४२,३४२.९१ | | २६,४२,३४२.९१ | ३८,७१,७६,३३७.३३ | | ३८,७१,७६,३३७.३३ |
| कोषह | | ३८,३०,२६२.५२ | १,८८,४३५.०० | ०.०० | १,८८,४३५.०० | २२,९०,०६८.०० | ०.०० | २२,९०,०६८.०० |
| धरौटी | | ०.०० | २४,५३,९०७.९१ | ०.०० | २४,५३,९०७.९१ | १३,३६,८०८.५४ | ०.०० | १३,३६,८०८.५४ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वष को बचत न्युन | | (१,७१,३९,५४६.७०) | १,८५,४८,५८९.५९ | | १,८५,४८,५८९.५९ | (८८,१६,४४८.८१) | | (८८,१६,४४८.८१) |
| च. गतवर्षको जिम्मेवारी अल्या) | | | २,५१,४८,७४६.२५ | | २,५१,४८,७४६.२५ | ३,४६,९८,८४८.०६ | | ३,४६,९८,८४८.०६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाँकी रकम को बाकी रकम (ङ + च) | | (१,७१,३९,५४६.७०) | ४,३६,९७,३३५.८४ | | ४,३६,९७,३३५.८४ | २,५८,८२,३९९.२५ | | २,५८,८२,३९९.२५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ४,३७,९७,३३५.८४ | | ४,३७,९७,३३५.८४ | २,५१,४८,७४६.२५ | | २,५१,४८,७४६.२५ |

**बेरूजु दफा ५.५ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क.स.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु हजारमा | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| | पूँजिगत खर्चतर्फ | १२२४३९ | ९४९ | ७३८९ | २६२११ | ८७८८९ | ४३४१३ |
| | प्रतिशत | ७४.३४ | ०.७८ | ६.०३ | २१.४१ | ७१.७८ | ३५.४६ |

**बेरूजु दफा ५.६ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३,४७,५०,००० | २,३७,५९,४२९ | ६.२५ |
| २ | पूर्वाधार विकास | १२,१०,७६,५०० | ८,७९,३०,५९२ | २३.११ |
| ३ | सामाजिक विकास | २२,१२,९६,००० | २,०८,१६२,११४ | ५४.७२ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,६५,५०,००० | १,२६,८२,६२१ | ३.३३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६,३६,८६,०४६ | ४,७९,०१,४३९ | १२.५९ |
| | **जम्मा** | **४५,७३,५८,५४६** | **३८,०४,३६,१९५** | **१००** |

**बेरूजु दफा ५.७ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| क. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४३ | ३६,७९,००० |

| | | | |
|---|---|---|---|
| २ | रु. १ लाख एकदेखि दुई लाख सम्मका योजना | ३७ | ६५,२०,००० |
| ३ | रु. २ लाख एकदेखि पाँच लाख सम्मका योजना | ५५ | २,०१,५५,००० |
| ४ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १६ | १,३१,५०,००० |
| ५ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | १३ | ५,७९,२५,००० |

**बेरूजु दफा १२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** |
|---|---|---|---|
| २०७६/११/०५ | म्याग्दी खोला नियन्त्रण | म्याग्दी खोला नियन्त्रण उपभोक्ता समिति | ७५,००० |

**बेरूजु दफा १४.४ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| क्र. सं | आम्दानी शीर्षक | अनुमान | असुली | अशुली प्रतिशत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | २,५०,००० | ५,८१,७४८.०० | २३२.७० |
| २ | भुमिकर/मालपोत | ३,००,००० | ७,१७,६०७.०० | २३९.२० |
| ४ | वहाल कर | २,००,००० | ४,३४,५०२.०० | २१७.२५ |
| ५ | वहाल विटौरी कर | ५०,००० | २,९४,७७८.०० | ५८९.५६ |
| ९ | अन्य कर | ५,००,००० | १४,८७,१५८.४९ | २९७.४३ |
| १८ | परीक्षा शुल्क | ३०,००० | ५०० | १.६७ |
| १९ | अन्य प्रशासनिक सेवा शुल्क | २,५०,००,००० | १४,०००.०० | ५.६० |
| २० | सिफारिश दस्तुर | १५,५०,००० | २४,०७,७०२.०० | १५५.३४ |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,००० | ४,०४,२७०.०० | ११५.५१ |
| २२ | नाता प्रमाणित दस्तुर | २,५०,००० | २,८१,८८६.०० | ११२.७५ |
| २३ | अन्य दस्तुर | ५,००,००० | ८,४५,०१६.०० | १६९.०० |
| २४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,५०,००० | २,६८,६००.०० | ७६.७४ |
| २५ | व्यवसाय कर | १,५०,०००.०० | ६१,०५०.०० | ४०.७० |
| | **जम्मा** | **४७,३०,०००.००** | **७७,९८,८१७.४९** | **१६४.८८** |

**बेरूजु दफा १५ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| क.स. | विद्यालयको नाम | शिक्षकको दरबन्दी | पदपुर्ति | पदपुर्ति-करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जनसहयोग आधारभूत विद्यालय | २ | २ | २ | ११ |
| २ | किसानी आधारभूत विद्यालय | ५ | ५ | २ | ११ |
| ३ | शारदा आधारभूत विद्यालय टिकाबाङ | ३ | ३ | २ | ४१ |
| ४ | जनश्रम आधारभूत विद्यालय धारा | २ | २ | १ | १० |
| ५ | भारती आधारभूत विद्यालय नेटा | ४ | ४ | ० | ३१ |
| ६ | बिष्णुराष्टिय आधारभूत विद्यालय किमचौर | ५ | ५ | ३ | ८६ |
| ७ | शारदा माध्यमिक विद्यालय छिस्वाङ | ५ | ५ | ० | २३३ |
| ८ | शिसुकल्याण मा वि अर्मन | १२ | १२ | २ | १४४ |
| ९ | जनकल्याण शिसुस्याहार आधारभूत विद्यालय | ३ | ३ | २ | २६ |
| १० | सिर्जना आधारभूत विद्यालय पाँखु | २ | २ | १ | ३५ |
| ११ | प्रभात आधारभूत विद्यालय सिमलचौर | ३ | ३ | २ | ३५ |
| १२ | ज्ञानोदय आधारभूत विद्यालय रणबाङ | ३ | ३ | १ | ३९ |
| १३ | विकास आधारभूत विद्यालय सल्यान | २ | २ | १ | १८ |
| १४ | जानकी आधारभूत विद्यालय | ३ | ३ | ० | ३९ |
| १५ | त्रिभूवन मगला माध्यमिक विद्यालय | ९ | ९ | ३ | १५४ |
| १६ | मंगला माध्यमिक विद्यालय | २६ | २५ | १० | ६०९ |
| १७ | बालकल्याण आधारभूत विद्यालय | ० | ० | ० | १४ |
| १८ | विकास आधारभूत विद्यालय लरेनी | ० | ० | ० | १८ |
| १९ | महेन्द्ररत्न मा.वि | १८ | १८ | ४ | ३१३ |
| २० | जनता आधारभूत विद्यालय | २ | २ | २ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | शिवालय आधारभूत विद्यालय | ३ | ३ | २ | २२ |
| २२ | महेन्द्ररत्न आधारभूत विद्यालय | ६ | ६ | १ | १०४ |
| २३ | अरनिको आधारभूत विद्यालय | ३ | ३ | २ | ५९ |
| २४ | जनप्रिय आधारभूत विद्यालय खर्क | ५ | ५ | ३ | ८१ |
| २५ | जनप्रिय आधारभूत विद्यालय बुकेनी | ३ | ३ | १ | ३४ |
| २६ | विश्वज्योति आधारभूत विद्यालय | २ | २ | १ | २० |
| २७ | मन्डली आधारभूत विद्यालय | २ | २ | १ | १४ |
| २८ | पुन्यजन आधारभूत विद्यालय | ३ | ३ | १ | ५४ |
| २९ | दुर्गा आधारभूत विद्यालय | २ | २ | १ | १८ |
| ३० | पखेर आधारभूत विद्यालय | १ | १ | ० | २३ |
| ३१ | प्रगती आधारभूत विद्यालय | २ | २ | १ | २६ |
| ३२ | थाईबाङ्ग आधारभूत विद्यालय | ६ | ६ | ० | ५२ |
| ३३ | मनकामना आधारभूत विद्यालय | २ | २ | २ | ४५ |
| ३४ | जनआवाज आधारभूत विद्यालय | ४ | ४ | २ | ६५ |
| ३५ | शिद्धशान्ति माध्यमिक विद्यालय | ९ | ९ | ३ | १०४ |
| ३६ | नरसिंह आधारभूत विद्यालय | ३ | ३ | २ | ७७ |
| ३७ | राष्ट्रिय जनजागृति मा विद्यालय | ९ | ९ | ३ | १२५ |
| ३८ | बालोदय आधारभूत विद्यालय | ६ | ६ | ० | ५१ |
| ३९ | दीपशिखा माध्यमिक विद्यालय | १६ | १६ | ४ | २७४ |
| ४० | गुसेश्वर आधारभूत विद्यालय | २ | २ | २ | २३ |
| | **जम्मा** | **१९८** | **१९७** | **७०** | **३१४३** |

**बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| S.N | Expiry Date | Medicine Name | Stock | Price | Total price |
|---|---|---|---|---|---|
| **1** | **2023-Jun-30** | **vtamin B Complex Tablets** | 1800 | 5 | 9000 |
| **2** | **2023-Mar-15** | **Antigen Kit Covid 19** | 700 | नखुलेको | |
| **3** | **2023-Mr-30** | **Chlorhexidine gel** | 989 | 22 | 21758 |
| **4** | **2023-APR-30** | **Retinol vit A** | 2995 | 2.85 | 8535.75 |

| | | | | | |
|---|---|---|---|---|---|
| **5** | **2023-Mar -31** | **HRE** | 84 | 6.85 | 575.4 |
| **6** | **2023-Mar -31** | **HR** | 775 | नखुलेको | 0 |
| **7** | **2023-Dec-22** | **Ampicillin** | 5 | नखुलेको | 0 |
| **8** | **2023-Mar -31** | **Pheniramine maleate inj** | 50 | 20 | 1000 |
| **9** | **2022-Jun-30** | **Vitamin B12 inj** | 50 | नखुलेको | 0 |
| **10** | **2023-Jun-30** | **Aspirine tablet** | 1200 | नखुलेको | 0 |
| **11** | **2023-May-31** | **Amoxicilline** | 3509 | नखुलेको | 0 |
| **12** | **2022-Oct-30** | **Dexamithasone 2 mg** | 100 | 14 | 1400 |
| **13** | **2022-Sep-30** | **Ipratropiumbromide** | 20 | नखुलेको | 0 |

**बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| क. सं | विद्यालयको नाम ठेगाना | रकम |
|---|---|---|
| १ | किसानी आ.वि .सिर्कुम | ३,८८,३९२ |
| २ | जनप्रिय आवि बरंजा खर्क | ३,८८,३९२ |
| ३ | त्रिभुवन मंगला मावि वावियाचौर | ४,८१,५६६ |
| ४ | थाइवाङ आवि कुहु | ३,५२,३६६ |
| ५ | पखेर आवि वरङ्जा | ३,६९,३८१ |
| ६ | बालकल्याण आ वि हिदी | ३,६९,३८१ |
| ७ | राष्ट्रिय जनजागृती मावि पुर्णगाउँ | ४,५८,४१६ |
| ८ | विकास आ वि लरेनी | ३,६९,३८१ |
| ९ | शारदा मावि छिस्वाङ अर्मन | ३,८८,३९२ |
| १० | सिद्धशान्ति मा.वि. हिदी | ४,८१,५६६ |
| ११ | बिष्णुराष्ट्रिय आ वि किमचौर | ३,८८,३९२ |
| | **जम्मा** | **४४,३५,६२३.६** |

**बेरूजु दफा ३१.१ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| उपभोक्ता समितीको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| वडा नं ३ को कार्यालय मर्मत तथा टर्स निर्माण योजना उपभोक्ता समिति | भवन ममर्त | ५,७६,००० |
| वडा नं ५ को कार्यालय मर्मत तथा टर्स निर्माण योजना उपभोक्ता समिति | भवन ममर्त | ५,७५,७३९ |
| शिद्ध शान्ती मा.बि फर्निचर निरमाण तथा व्यवस्थापन उपभोक्ता समिति | सामाग्री खरिद | ३,७८,४०९ |
| अरनिको आ.बि शौचालय तथा खेलमैदान मर्मत योजना उपभोक्ता समिति | शौचालय तथा मैदान निर्माण | १,४४,००० |
| त्रिभुवन मंगला मा.बि. न्यालेखोर खेलमैदान मर्मत योजना व्यवस्थापन उपभोक्ता समिति | रंगरोघन तथा प्लाप्टर | ४,८०,००० |
| दपिशिखा मा.बि भवन संरक्षण योजना उपभोक्ता समिति | कम्पाउण्ड वाल निर्माण | २,८८,००० |
| मण्डली बा.बि भवन संरक्षण योजना उपभोक्ता समिति | शौचालय निर्माण | २,४०,००० |
| सृजना आ.बि. घेराबार निर्माण उपभोक्ता समिति | घेराबार | १,३९,११७ |
| महेन्द्र रत्न मा.बि. घेराबार उपभोक्ता समिति | घेराबार | १,४०,७७२ |
| १ नं वडा कार्यालय मर्मत उपभोक्ता समिति | मर्मत | १,९२,००० |
| कुँहुँ स्वास्थ्य चौकी हल निर्माण उपभोक्ता समिति | हल निर्माण | १,७३,४८५ |
| शिवशान्ती मा.बि खेलमैदान मर्मत उपभोक्ता समिति | खेल मैदान निर्माण | २,८६,५४२ |
| विकास आधारभुत विद्यालय घेराबार उपभोक्ता समिति | बिद्यालय घेराबार | ३,३४,९९० |
| **जम्मा** | | **३४,४९,०५४** |

**बेरूजु दफा ३१.२ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| क्र.सं | गो.भौ.नं./मिति | कामको विवरण | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १६९/२०८०/२/३ | झ्याप्रे खोला काठे पुल निर्माण योजना | झ्याप्रे खोला काठे निर्माण योजना उपभोक्ता समिति | ४२,२४० |
| २ | २८७/२०८०/३/१३ | ताराखेत सल्यान हिदी मोटर वाटो स्तरोन्नति योजना | ताराखेत सल्यान हिदी मोटर वाटो स्तरउन्नती उपभोक्ता समिति | ४७,६१,००० |
| ३ | १८२/२०८०/२/७ | धापुङ्ग सिर्फु देउरालि मोटर वाटो निर्माण | धापुङ्ग सिर्फु देउरालि मोटर वाटो निर्माण उपभोक्ता समिति | १३,४४,००० |
| ४ | १५३/२०८०/१/२१ | पखेर पाखेवास उपल्लो बान्द्रे सिम्ले सडक निर्माण | पखेर पाखेवास उपल्लो बान्द्रे सिम्ले सडक निर्माण उपभोक्ता समिति | ८,६४,००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ३२४/२०८०/३/२२ | पुल्चोक पिपलवोट पाँखु धारा सिर्कुम टिकावाङ्ग मोटर वाटो स्तरउन्नती | पुल्चोक पिपलवोट पाँखु धारा सिर्कुम टिकावाङ्ग मोटर वाटो स्तरउन्नती योजना उपभोक्ता समिति | २७,४९,००० |
| ६ | १५०/२०८०/१/२० | पोक भोर्लेनी भेडाबारी पिँडालुबारी सडक निर्माण | पोक भोर्लेनी भेडाबारी पिँडालुबारी सडक निर्माण उपभोक्ता समिति | ६,७२,००० |
| ७ | १६३/२०८०/२/२ | पोक सात विसे ज्यामिरे हुदै वडा न ३ देखि वडा नं ४ कार्यालय सम्मको मोटर वाटो स्तरउन्नती | पोक सात विसे ज्यामिरे हुदै वडा न ३ देखि वडा नं ४ कार्यालय सम्मको मोटर वाटो स्तरोउन्नती उपभोक्ता समिति | ९,६०,००० |
| ८ | २५९/२०८०/३/६ | महेश मोटर वाटो निर्माण | महेश मोटर वाटो निर्माण योजना उपभोक्ता समिति | ९,६०,००० |
| ९ | २३८/२०८०/२/२५ | मोहन खोल्सा थर्पुगाउँ झाक्रिपानी किमचौर मोटरबाटो स्तरोन्नति योजना | मोहन खोल्सा थर्पुगाउँ झाक्रिपानी किमचौर मोटरबाटो स्तरोन्नति योजना उपभोक्ता समिति | ९,६०,००० |
| १० | १७१/२०८०/२/३ | लट्टे खोरीया मोटरवाटो निर्माण योजना | लट्टे खोरीया मोटरवाटो निर्माण योजना उपभोक्ता समिति | ३,८४,००० |
| ११ | ३१८/२०८०/३/२२ | वावियाचौर वजार ढल निकास तथा वाटो मर्मत योजना | वावियाचौर वजार ढल निकास तथा वाटो मर्मत योजना उपभोक्ता समिति | ४,७९,७९५.३८ |
| १२ | ९४/२०७९/१२/२४ | शेरा कुर्सिम्ला मोटर वाटो निर्माण | शेरा कुर्सिम्ला मोटर वाटो निर्माण उपभोक्ता समिति | ९,६०,००० |
| १३ | १८६/२०८०/२/८ | सिमलचौर कुकुरविसौना तल्लो डडुवा मोटर वाटो स्तरोन्नती योजना | सिमलचौर कुकुरविसौना तल्लो डडुवा मोटर वाटो स्तरउन्नती उपभोक्ता समिति | १९,०५,००० |
| १४ | ७६/२०७९/१२/७ | खानी गाँउ मोटर वाटो मर्मत | खानिगाउँ मोटरबाटो मर्मत उपभोक्ता समिति | १,८८,८८१.१५ |
| १५ | २०६/२०८०/२/१६ | गोरेठा मोटर वाटो मर्मत योजना | गोरेठा मोटरबाटो मर्मत योजना उपभोक्ता समिति | १,४४,००० |
| १६ | २४४/२०८०/२/३० | पुर्णगाँउ मोटर वाटो रिङ्गरोड मर्मत | पुर्णगाँउ मोटर वाटो रिङ्गरोड मर्मत उपभोक्ता समिति | १,९२,००० |
| १७ | २००/२०८०/२/१२ | महभिर मोटर वाटो मर्मत योजना | महभिर मोटर वाटो मर्मत योजना उपभोक्ता समिति | ३,८३,८३९.६२ |
| १८ | १४३/२०८०/१/१९ | सडक मर्मत सम्भार तथा सरसफाइ खर्च | सडक मर्मत सम्भार तथा सरसफाइ खर्च उपभोक्ता समिति | ४,३६,८०० |
| १९ | २७/२०७९/९/१९ | मर्मत सम्भार कोष सडक तथा अन्य | वडा नं. २ मोटरबाटो मर्मत सम्भार उपभोक्ता समिति | ५,७३,००० |

| | | | | |
|---|---|---|---|---|
| २० | १८१/२०८०/२/७ | रणवाङ्ग दरुङ्ग तल्लो हिदी मालिका मोटर वाटो | रणवाङ्ग दरुङ्ग तल्लो हिदी मालिका मोटरबाटो उपभोक्ता समिति | २३,९९,३६३.४३ |
| २१ | ५७/२०७९/११/१६ | लाम्पाटा आम्वोट लेरेनि चुडारे हुदै सल्यान जोड्ने मोटर वाटो निर्माण | लाम्पाटा आम्बोट लरेनी चुदारे हुँदै सल्यान मोटरबाटो उपभोक्ता समिति | ४,७८,००० |
| २२ | १४७/२०८०/१/२० | आहालडाँडा देखि तल्लो कजेलीगैरा मोटरवाटो निर्माण योजना | आहालडाँडा देखि तल्लो कजेलीगैरा मोटरवाटो निर्माण योजना उपभोक्ता समिति | ४८,०००.०१ |
| २३ | १९३/२०८०/२/११ | जल्केनी देखि टटुवा हुदे टुनिवोट जोड्ने मोटरवाटो निर्माण योजना | जल्केनी देखि टटुवा हुदे टुनिवोट जोड्ने मोटरवाटो निर्माण योजना उपभोक्ता समिति | १,९२,००० |
| २४ | १४१/२०८०/१/१९ | देउरालि देखि रोहटे मोटरवाटो निर्माण | देउरालि देखि रोहटे मोटरबाटो उपभोक्ता समिति | १,९२,००० |
| २५ | ८४/२०७९/१२/१२ | सडक मर्मत सम्भार तथा सरसफाइ | सडक मर्मत सम्भार तथा सरसफाइ उपभोक्ता समिति | ३,३६,००० |
| २६ | २८२/२०८०/३/१२ | साम्टुङ्ग प्याला मोटर वाटो मर्मत योजना | साम्टुङ्ग प्याला मोटर वाटो मर्मत योजना उपभोक्ता समिति | २,४०,००० |
| २७ | २०१/२०८०/२/१२ | हासेडाँडा देखि आर्कुति सम्म मोटर वाटो निर्माण योजना | हासेडाँडा देखि आर्कुति सम्म मोटर वाटो निर्माण योजना उपभोक्ता समिति | ९६,००० |
| २८ | २०९/२०८०/२/१६ | माइथान भुम्ति देखि आरन टोल मोटर मर्मत | माइथान भुम्ति देखि आरन टोल मोटर मर्मत योजना उपभोक्ता समिति | ४८,००० |
| २९ | २३२/२०८०/२/२३ | जुरेढुङ्गा गोवरटाउका मोटर बाटो निर्माण | जुरेढुङ्गा गोवरटाउका मोटर बाटो निर्माण उपभोक्ता समिति | १,४४,००० |
| ३० | ११६/२०८०/१/४ | ताल घरे देखि शारदाआ.वि मोटर वाटो निर्माण | ताल घरे देखि शारदाआ.वि सम्म मोटर वाटो निर्माण उपभोक्ता समिति | १,४४,०००.०० |
| ३१ | १६/२०७९/८/२५ | मर्मत सम्भार कार्यक्रम | सडक मर्मत सम्भार तथा सरसफाई खर्च उपभोक्ता समिति | ५,७६,००० |
| | | **जम्मा** | | **२,३८,५२,९१९.५९** |

## बेरूजु दफा ३१.४ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| गो.भौ. नं/मिति | कामको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ९५।२०७९-१२-२४ | शेरा कुर्सिम्ला मोटरबाटो निर्मा | तिलक बहादुर खत्री समेत ५१ जना | २,५६,१४० |
| १५३।२०८०-०१-२१ | पखेर पाखेबास उपल्लो बान्द्रे सिम्ले सडक निर्माण उपभोक्ता समिति | दल बहादुर किसान समेत २५ जना | १,५५,५२० |

| | | | |
|---|---|---|---|
| १६०।२०८०-०१-२१ | सल्यान सिचाई योजना | विश्वनाथ पाध्या समेत २३ जना | १,२०,६४० |
| १६६।२०८०-०२-०२ | ठुलोखोला हुँदै कार्यालय सम्म खानेपानी मर्मत उपभोक्ता समिति | याम बहादुर थापा समेत २७ जना | ६४,२६० |
| १७०।२०८०-०२-०३ | गणेश मन्दिर परिसरमा शौचालय निर्माण (हिदी) योजना उपभोक्ता समिती | प्रेमलाल किसान समेत १२ जना | १,६५,६८० |
| १७१।२०८०-०२-०३ | लट्टे खोरिया मोटरबाटो निर्माण उपभोक्ता समिति | भीम बहादुर पुलामी समेत ३२ जना | ५१,९२० |
| | **जम्मा** | | **८,१४,१६०** |

## बेरूजु दफा ३२.१ सँग सम्बन्धित विवरण - अनुसूची -१४

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक विवरण संख्या | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | १४६७ | १,६८,७४,६३९ | १४८८ | १,७६,७२,०६४ | १५२० | १,८०,०४,७५९ | १५२६ | १,८१,७१,५३४ | १५०० | ७,०७,२२,९९६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २४१ | १८,९९,२४० | २४० | १८,९९,२४० | २४२ | १९,०५,०९२ | २४५ | १९,२५,८४० | २४२ | ७६,२९,४१२ |
| जेष्ठ नागरिक एकल महिला | १५५ | १२,३४,२४० | १५२ | १२,०७,६४० | १५५ | १२,२३,५११ | १५१ | १२,०४,९८० | १५३ | ४८,७०,३७१ |
| विधवा | २३८ | १८,६२,००० | २३५ | १८,६२,००० | २४० | १९,०१,९०० | २५० | १९,४९,७८० | २४१ | ७५,७५,६८० |
| पूर्ण अपाङ्गता भत्ता | ४२ | ४,९५,१४६ | ४१ | ४,९०,७७० | ४१ | ४,९०,७७० | ४१ | ४,८६,७८० | ४१ | १९,६३,४६६ |
| अति अशक्त अपाङ्गता भत्ता | १९२ | १२,१५,०८८ | १९९ | १२,६३,५०० | १९५ | १२,४३,६०३ | १९९ | १२,५३,३९२ | १९६ | ४९,७५,५८३ |
| दलित बालबालिका | ३२१ | ४,९५,९६१ | ३३० | ५,०७,४३७ | ३४९ | ५,३२,४०८ | ३७३ | ५,५३,०९७ | ३४३ | २०,८८,९०३ |
| जम्मा | २६५६ | २,४०,७६,३१४ | २६८५ | २,४९,०२,६५१ | २७४२ | २,५३,०२,०४३ | २७८५ | २,५५,४५,४०३ | २७१७ | ९,९८,२६,४११ |

## बेरूजु दफा ३२.३ सँग सम्बन्धित विवरण - अनुसूची -१५

| Social Assistance Type Name | Ward | Personal Id | Member Name | Gender | Age | Birth Date BS | Citzn No. | Bank A/c | DPAmount | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | 3 | 1995041201047 | मन कुमारी बोगटी | महिला | 84 | 12-04-1995 | 2043 | 1500137932400017 | 48,000 | |
| विधवा | 1 | 2037040101701 | गौ माया कामी | महिला | 42 | 01-04-2037 | 2043 | 02001400974859000001 | 31,920 | |
| विधवा | 5 | 2027121001733 | पान कुमरी बुढाथोकी | महिला | 52 | 10-12-2027 | 49302458 | 02301300910110000001 | 31,920 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| अतिअशक्त अपाङ्गता भत्ता | 5 | 2015051001598 | लक्ष्मी प्रसाद ढकाल | महिला | 64 | 10-05-2015 | 49302458 | 02101400628451000001 | 25,536 | |
| अन्य जेष्ठ नागरिक भत्ता | 1 | 2001101201842 | दिलमाया वि क | महिला | 78 | 12-10-2001 | 49302771 | 02301400583513000001 | 48,000 | |
| अतिअशक्त अपाङ्गता भत्ता | 2 | 2028011602223 | नरमती पुर्जा | महिला | 52 | 16-01-2028 | 49302771 | 02301401117548000001 | 4,256 | |
| | | | | | जम्मा | | | | 1,89,632 | |